कोन्ज्योसोम गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशन २०८१ साल आषाढ १० गते सोमबार

गाउँपालिकाका उपाध्यक्ष श्री राजन प्रसाद घिमिरे द्धारा

प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट बक्तव्य

कोन्ज्योसोम गाउँपालिका

चौघरे, ललितपुर

२०८१

**www.konjyosommun.gov.np**

**गाउँसभाका अध्यक्ष महोदय,**

नेपालको संविधानले प्रदान गरेको संवैधानिक अधिकारको प्रयोग गर्दै यस गाउँपालिकाको गाउँसभा समक्ष आ.व. २०८१/८२ को अनुमानित आय/व्ययको विवरण पेश गर्न पाउँदा मैले गौरवको अनुभूती गरेको छु । नेपालको संघिय संरचना अन्तर्गत जनतासँग नजिकबाट प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको महत्व, भूमिका र औचित्य सम्पुर्ण गाउँबासिमा बोध गराउने सुखद समयलाई स्मरण गर्न चाहन्छु । यस गौरबमय अवसरमा विभिन्न सशस्त्र संघर्ष तथा लोकतान्त्रिक आन्दोलन मार्फत नेपालको नया संविधान र संघीय संरचना स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

. नेपालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्ने लक्ष्य लिएको छ । सोही लक्ष्य प्राप्तिका लागि यस कोन्ज्योसोम गाउँपालिका सधै क्रियाशिल रहनेछ । साथै हाम्रो दिर्घकालिन सोच **"कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** लाई आत्मसाथ गर्दै यस गाउँपालिका क्षेत्रलाई नेपालकै एक नमुना, सभ्य, सुशासनयुक्त, शान्त, समुन्नत र जीवन्त गाउँपालिकाको रुपमा विकास गरीने छ ।

यस सम्मानित सभामा बजेट तथा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायका विभिन्न ऐन कानुनले गरेका व्यवस्था, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान, राजश्व बाँडफाँडको सिलिङ्ग सहितको मार्गदर्शन, गाँउपालिकाका विभिन्न विषयगत समिति तथा वडा भेलाका क्रममा आम गाउँबासीहरुबाट आएका सल्लाह र सुझाव तथा आजै केहि समय अगाडि यस गाउँसभा समक्ष पेश भएको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मुख्य मार्ग दर्शनको रुपमा लिइएको छ ।

**सभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०८०/०८१ मा यस स्थानीय सरकारले यसै सभा समक्ष रु. ४३ करोड ६३ लाख ७१ हजार (संसोधित) को आय व्ययको विवरण पेश गरेको थियो । जसमा चालु तर्फ २६ करोड २४ लाख २४ हजार र पूँजिगत तर्फ रु. १७ करोड ३९ लाख ४७ हजार विनियोजन भएकोमा २०८१ साल असार ९ गते सम्मको तथ्याङ्क अनुसार चालु तर्फ रु. १९ करोड ९९ लाख ९९ हजार अर्थात विनियोजनको ७६.२१ प्रतिशत र पूँजीगत तर्फ रु. ७ करोड ५ लाख

६ हजार अर्थात विनियोजनको ४०.५३ प्रतिशत खर्च भएको देखिन्छ । जसमा गाउँपालिकाका केही महत्वपूर्ण आयोजनाहरु जस्तै : गाउँपालिकाको गाँउ गौरवको आयोजनाको रुपमा रहेको कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना सम्पन्न भैसकेको तथा प्रतिमा गार्डेन तथा रिँगरोड स्तरउन्नतिको कार्य सँचालनमा रहेको, कालोपानि भुमिथुम्का लिफ्टीङ खानेपानी आयोजना , भेडेखर्क फूलबारीडाँडा खानेपानी आयोजना , वरबोट सिलिँगे खानेपानि योजना, मविर गुर्दुम खानेपानी योजना, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत शंखुमा १० शैयाको सुविधासम्पन्न अस्पताल निर्माण आयोजनाको काम अन्तिम चरण्मा पुगेको, नल्लु करिडोरबाट फैडाँडा हुदै पहराडाँडा निस्कने मोटरबाटो स्तरउन्नति, मविर क्वाक्लिङ मोटर बाटो सुधार, कान्छाकाजि सिकारीको घर देखि नल्लु वातिसोङ हुँदै वासुकि सम्मको सडक स्तर उन्नति, सिमभञ्ज्याङ गा पा भवन हुदै देउराली जोड्ने सडक स्तरउन्नती, नगरकोटि गुठि भवन निर्माण, मगरगाँउ मा वि प्राविधिक शिक्षालय छात्रावास निर्माण , गुप्तेश्वर आ वि भवन निर्माण, बालेश्वरी मा वि को अधुरो कार्य सम्पन्न गरी कम्पाउण्ड निर्माण  लगायत ठुला तथा यस गाउँपालिका भित्रका अधिकांश साना आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई भुक्तानी समेत भइसकेको विषयलाई यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

त्यसै गरी यस गाउँपालिकाको **आगामी आर्थिक बर्ष २०८१/०८२** को बार्षिक बजेटको लागि नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट **रु. ७ करोड,** प्रदेश सरकारको वित्तिय समनिकरण अनुदानबाट **रु.५२ लाख ५२ हजार,** नेपाल सरकारको राजस्व वाँडफाँडबाट **रु. ५ करोड २३ लाख,** प्रदेश सरकारको राजस्व वाँडफाँडबाट **रु. १ करोड ३४ लाख ,** नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. १५ करोड १५ लाख ५४ हजार,** प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. ३ करोड २३ लाख,** नेपाल सरकारबाट प्राप्त विशेष अनुदानबाट रकम **रु. १ करोड,** प्रदेश सरकारबाट प्राप्त हुने  विशेष अनुदानबाट **रु. ७५ लाख,** प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट **रु. २ करोड,** अन्य स्थानिय तहबाट प्राप्त हुने अनुदान **रु ४० लाख,** जिल्ला समन्वय समितिबाट प्राप्त हुने अनुदान **रु २ करोड,** घर जग्गा रजिष्ट्रेशन बापत **रु ७० लाख,** आन्तरिक आय **रु. ४ करोड ५७ लाख ६६ हजार,** चालु आ.व.बाट हस्तान्तरित हुने अनुमानित नगद मौज्दात (अ.ल्या.) **रु. २ करोड ,गरी**  गरी कुल **रु. ४५ करोड ८९ लाख ७२ हजार** बराबरको अनुमानित आय प्रस्तुत गरेको छु । **यस मध्ये** पुर्वाधार विकास तर्फ **रु.१० करोड ५५ लाख   (लागत साझेदारी, जिसस बाट प्राप्त योजना, शंखु अस्पताल निर्माण सहित),** सामाजिक विकास तर्फ **रु. १ करोड ७५ लाख २० हजार,** आर्थिक विकास तर्फ **रु. ६८ लाख,** वन, वातावरण तर्फ **रु. १० लाख,** सुशासन तथा संस्थागत क्षमता विकास तर्फ **रु. ८० लाख, कार्यालय संचालन तर्फ रु ६ करोड ८० लाख ५३ हजार, मर्मत संभार कोष तर्फ रु ३० लाख, विपद व्यवस्थापन तर्फ रु १० लाख, गाउँ कार्यपालिका चालु तर्फ रु १ करोड ४८ लाख ४४ हजार** तथा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष अनुदान, सोही अनुरुप विनियोजन हुने गरी सम्मानित सभा समक्ष पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. का लागि प्रस्ताव गरिएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको बारेमा विषयगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. यस गाउँपालिकाले अंगिकार गरेको दिर्घकालिन सोच **"कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** लाई सार्थक बनाउन तथा समृद्ध तथा समुन्नत कोन्ज्योसोम निर्माणका लागि बहुआयामिक विकासको थालनी गर्ने गरी पर्याप्त बजेटको विनियोजन गरेको छु ।

२. गाउँपालिकाका सबै क्षेत्रको सन्तुलित विकासका लागि निर्धारण गरिएका **गाउँ गौरवका** आयोजनाहरु **शंखुमा १० शैयाको सुविधासम्पन्न अस्पताल** (**क्रमागत**)**, मगरगाउँ मा वि प्राविधिक शिक्षालय छात्रावास निर्माण, कान्छाकाजि शिकारीको घरदेखी वतिस्योम हुदै वासुकि सम्म सडक स्तरोन्नति क्रमागत आयोजना, बुर्चेको मोडदेखी भट्टटेडाँडा ड्यामसम्म सडक स्तरोन्नति तथा कालोपत्रे योजना, शंखु छोर्तेन निर्माण कार्य, गोठभञ्ज्याङ्ग मा वि भवन निर्माण, लोप्चन टोलदेखी गाउँपालिका कार्यालय हुदै देउराली सम्म मोटरबाटो स्तरोन्नति,** लगायतका योजनाहरुका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ । त्यस्तै गाउँबस्ति स्तरबाट संकलन भई आएका वडा स्तरका योजनाहरु तथा वडाबाट गाउँपालिकामा माग भई आएका पूर्वाधार विकास तर्फका महत्वपुर्ण आयोजनाहरुको निर्माणका लागि पूर्वाधार विकास तर्फ जम्मा **रु.१० करोड ५५लाख बजेट** विनियोजन गरेको छु ।

३ विकासमा समुदायको सहभागिता तथा स्वामित्व मार्फत दिगो विकासलाई प्रभावकारी बनाउन ९०: १० जस्ता मोडललाई अवलम्बन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. गाउँपालिका भित्र विकास गरिने महत्वपुर्ण भौतिक पूर्वाधार निर्माणका लागि प्रारम्भमै आवश्यक पर्ने प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**आर्थिक विकास तर्फ :**

५. **जनताको लागि, जनताकै आम्दानी"** भन्ने मूल नाराका साथ कृषि विकास तर्फका कार्यक्रमहरु तर्जुमा गर्न तथा गाउँपालिकाको विकासको प्रमुख आधारको रुपमा रहेको कृषि तथा पशुपक्षी क्षेत्रको आधुनिकरण, व्यवसायिकरण र बजारीकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

६ कृषकलाई कृषि पाठशालामा सैद्धान्तिक तथा व्यावहारीक अध्ययनको **निमित्त** कृषक अध्ययन प्रोत्साहन कार्यक्रम, रैथानेबाली उत्पादन, प्रसोधन, ब्रान्डिङ्ग तथा बजार प्रवर्द्धन कार्यक्रम, चिया./ टिमुर खेति प्रवर्द्धन कार्यक्रम, कृषकको क्षमता विकास कार्यक्रम, लगायतका कृषि विकास कार्यक्रमका लागि **रु. ११ लाख** रकम विनियोजन गरेको छु ।

७ दुग्ध व्यवसायलाई पुर्णरुपमा व्यवसायीक वनाउन तथा व्यवसायीलाई थप उर्जा प्रदान गर्न उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान कार्यक्रमको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

८ पशु बिमा प्रिमियममा ५० प्रतिशत अनुदान, पशु खोप कार्यक्रम, घुम्ति पशु स्वास्थ्य शिविर कार्यक्रम, महामारी रोग नियन्त्रण तथा आन्तरिक परजिवि नियन्त्रण, पशु उपचारका लागी प्रयोगशाला संचालन लगायतका पशु विकास कार्यक्रमका लागि रु **३९ लाख** रकम बिनियोजन गरेको छु ।

९ **कोन्ज्योसोम जाउँ, प्रकृतिसंग रमाऔं** भन्ने नाराका साथ आगामी आ व २०८१/०८२ लाई कोन्ज्योसोम भ्रमण वर्षको रुपमा मनाउन, गाउँपालिका भित्र रहेका सहकारी क्षेत्रको अनुगमन तथा नियमन गरी सहकारीहरुलाई उद्धेश्य उन्मुख बनाउन,, आन्तरीक तथा बाह्य पर्यटक आकर्षित गरी यस गाँउपालिकालाई “पर्यटन हब” को रुपमा चिनाउन पर्यटन प्रवर्द्धन कार्यक्रम तथा लघु उद्यम विकास कार्यक्रम मार्फत घरेलु उत्पादन, बजारीकरण तथा प्रवर्द्धन कार्यक्रमको लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ :**

१० प्रविधिमा आधारित Digital Education को शुरुवात गर्न, Big School विकास **संभाव्यता अध्ययन गर्न,** माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क बनाउने गाउपालिकाको योजनालाई सहयोग पुऱ्याउन, गरिब तथा जेहेन्दार विद्यार्थिलाई उच्च शिक्षा छात्रवृति प्रदान गर्न, नमुना विद्यालय विकास कार्यक्रम संचालन गर्न, विद्यालय शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ICT ल्याब, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला स्थापना गर्न लगायत कार्यक्रमको लागि **रु.१ करोड १९ लाख** रकम विनियोजन गरेको छु ।

११ यस गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक विद्यालयलाई सुविधा सम्पन्न गराउन आवश्यक भौतिक पूर्वाधारको विकास गरी विभिन्न गाउँबाट अध्ययनका लागि आउने छात्र-छात्राहरुको लागि छात्राबास निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. शिक्षामा सबै नागरिकहरुको समान पहुँचलाई वृद्धि गर्न, आफ्नै गाउँमा प्राविधिक र अप्राविधिक दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई कार्यविधि

तथा मापदण्डमा आधारित भई निश्चित रकम छात्रवृत्ति प्रदान गर्न, एक वडा एक नमुना विद्यालय कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. व्यक्तिको शारीरिक तथा मानसिक विकासमा खेलकुदको अतुलनीय योगदान रहेको सन्दर्भमा यस क्षेत्रको विकास मार्फत व्यक्तिलाई अनुशासित र मर्यादित बनाउदै समग्र समाजलाई एक ढिक्का बनाउनको लागि **युवा तथा खेलकुद परिषद** मार्फत राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, कोन्ज्योसोम कप खेलकुदका कार्यक्रमहरु लगायतका विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१४. वाङ्मय प्रतिष्ठान ऐन, २०७९ अनुसार भाषा, सँस्कृति, कला, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नको लागि वाङ्मय प्रतिष्ठान द्धारा सञ्चालन हुने विभिन्न कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. , महिलाहरुको सशक्तिकरण, महिला उद्यमशिलताको विकास, महिलाहरुको नेतृत्व तथा क्षमता विकास, लैंगिक हिंसा न्युनिकरण, जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण, बालबालिकाहरुको संरक्षण तथा दलित लक्षित कार्यक्रमका लागि जम्मा **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१६. आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच र सुनिश्चितताका लागि गाउँपालिका भित्रका स्वास्थ्य सँस्थाले दिदै आएको सेवालाई थप प्रभावकारी बनाउन मुटु, मृगौला, क्यान्सर लगायतका घातक रोगका विरामीहरुलाई यथासक्य सहयोग गर्न, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराउन, आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन, गाँउपालिकाले नि:शुल्क रुपमा प्रदान गर्दै आएका औषधि वितरणको कार्यलाई निरन्तरता दिन लगायतका कार्यक्रमको लागि **रु ३० लाख** रकम विनियोजन गरेको छु ।

१७. **बच्चा जोखौ नून बोकौ** भन्ने नाराका साथ पोषण वृद्धि प्रोत्साहन कार्यक्रम, सुत्केरी आमा भेटमा पौष्टिक आहार कार्यक्रम र अति अशक्त अपाङ्गताका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. गाँउपालिमा संचालनमा रहेको एम्बुलेन्स सेवा, बर्थिङ सेन्टर तथा स्वास्थ्य चौकिहरुबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेटको बिनियोजन गरेको छु ।

१९ गाउँपालिकाभित्र रहेका खानेपानिका मुहान संरक्षण, सम्वर्द्धन गर्न खानेपानि मुहानको Quality check, Dischare Measurement, Location fixed And Data Collection लगायतका कार्यको लागि आवश्यक बजेटको बिनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :**

२०. भूसंरक्षण, जलाधार व्यवस्थापन, जल उत्पन्न न्युनिकरणका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्न, विपद जोखिम न्युनिकरण गर्न, भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई विपद व्यवस्थापनकोष मार्फत तत्काल राहत दिने लगायतका कार्यक्रमको **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

२१. प्लाष्टिक जन्य पदार्थको पुन प्रयोग, गाउँपालिकाको हरेक वडामा ग्रिन पार्क निर्माण गर्न, गाउँपालिका भवनको कम्पाउण्ड भित्र फुलको विरुवा रोप्ने लगायतका कार्यक्रमको वन तथा वातावरण शिर्षकमा **रु १० लाख** लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

२२. निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व क्षमता विकास गर्न, कर्मचारीहरुको प्रशासनिक तथा सेवा प्रवाह क्षमतामा वृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, व्यवस्थित, मुस्कान सहितको र प्रविधि मैत्री बनाउने कार्यलाई सहयोग पुऱ्याउन आवश्यक पर्ने रकमको विनियोजन गरेको छु ।

२३. सेवा प्रदायकलाई जनताप्रति उत्तरदायि, पारदर्शि, जवाफदेही बनाउन, सेवा प्रवाहलाई सरल, चुस्त, सहज बनाउन एकिकृत सूचना व्यवस्थापन प्रणाली ( Integrated Information Management System/IIMS) लागू गर्न, आन्तरीक नियन्त्रण प्रणाली लागु गरी बेरुजु न्युनिकरण गर्न, कर्मचारीको दक्षता अभिवृद्धि गर्न Online base, paperless सेवा प्रवाह मार्फत पालिकालाई डिजिटल गाउँपालिकाको रुपमा विकास गर्नको लागी आवश्यक पर्ने रकमको विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८१/०८२ को अनुमानित आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

आ.व. २०८१/८२ को अनुमानित आय/व्ययको विवरण तपसिल बमोजिम रहेको छ ।

आ व २०८१/८२ को एकिकृत आय व्यय रु

| आय | | ब्यय | |
|---|---|---|---|
| *विवरण* | रकम | *विवरण* | रकम |
| संघ समानिकरण अनुदान | ७,००,००,००० | संघ सशर्त अनुदान | १५,१४,५४,००० |
| संघ सशर्त अनुदान | १५,१४,५४,००० | संघ विशेष अनुदान | १,००,००,००० |
| संघ विशेष अनुदान | १,००,००,००० | प्रदेश सशर्त अनुदान | ३,२३,००,००० |
| प्रदेश समानिकरण अनुदान | ५२,५२,००० | प्रदेश समपुरक अनुदान | २,००,००,००० |
| प्रदेश सशर्त अनुदान | ३,२३,००,००० | प्रदेश विशेष अनुदान | ७५,००,००० |
| प्रदेश विशेष अनुदान | ७५,००,००० | वडागत पुजिगत खर्च | २,००,००,००० |
| प्रदेश समपुरक अनुदान | २,००,००,००० | लागत साझेदारी कार्यक्रम | ३७,००,००० |
| संघ राजस्व बाँडफाँड | ५,२३,००,००० | शंखु अस्पताल | २,७५,००,००० |
| प्रदेश राजस्व बाँडफाँड | १,३४,००,००० | प्रदेश समपुरक (पालिका) | २,००,००,००० |
| घर जग्गा रजिष्ट्रेशन (मालपोत ) | ७०,००,००० | गाँउ कार्यपालिका चालु | १,४८,४४,१०० |
| अन्य स्थानिय तहबाट प्राप्त अनुदान | ४०,००,००० | मर्मत संभार कोष | ३०,००,००० |
| जिसस बाट प्राप्त रकम | २,००,००,००० | विपद व्यवस्थापन कोष | १०,००,००० |
| अल्या रकम | २,००,००,००० | सामाजिक विकास | १,७५,२०,८५१ |
| आन्तरिक स्रोत | ४,५७,६६,००० | आर्थिक विकास | ६८,००,००० |
| | | बन तथा बाताबरण | १०,००,००० |
| | | न्यायीक समिति | ५,००,००० |
| | | जिसस बाट संचालन हुने कार्यक्रम | २,००,००,००० |
| | | कार्यालय संचालन | ६,८०,५३,०४९ |
| | | गाँउ स्तरीय योजना | १,७८,००,००० |
| | | सुशासन तथा संस्थागत विकास | ८०,००,००० |

| | | | |
|---|---|---|---|
| | | जिसस सँग साझेदारी | ८०,००,००० |
| **जम्मा** | ४५,८९,७२,००० | **जम्मा** | ४५,८९,७२,००० |

प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा सहयोग गर्नुहुने विषयगत समितिका पदाधिकारीहरु, गाउँसभाका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु। बजेटका सिद्धान्त र प्राथमिकता माथि रचनात्मक सुझाव दिनुहुने सबै राजनीतिक दल, स्थानीय बुद्धिजीवि, नागरिक समाज, नीजि क्षेत्र, सञ्चार जगत एवम् सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहन्छु र बजेट निर्माणका क्रममा नीतिगत तथा कानुनी र प्रशासनिक कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।

अन्तमा, बजेट कार्यान्वयनमा सरोकारवाला सबैको सहयोगको अपेक्षा राख्दै **"कृषि, पर्यटन, संस्कृति, वातवारण र पूर्वाधारः सुशासन युक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** भन्ने गाउँपालिकाको दिर्घकालीन सोचलाई साकार पार्ने कार्यमा यहाँहरु सबैलाई योगदान गर्न आह्वान गर्दछु ।

**धन्यवाद ।**